# रोजगारी समाप्त

・धैरै पटक निश्चित अवधिको श्रम सम्झौता नवीकरण हुँदै आएको भए तापनि यस पटक नवीकरण गर्न सकिँदैन भनेर भनियो।
・सम्झौताको बेलामा नवीकरणको कुरा भएको थियो। तर 1 वर्षको सम्झौता समाप्त भएपछि नवीकरण गरिएन।

**1. निश्चित अवधिको श्रम सम्झौता भनेको के हो?**

निश्चित अवधिको श्रम सम्झौता भनेको अवधि तोकिएको सम्झौता हो। 6 महिनाको सम्झौता र 1 वर्षको सम्झौता यसमा पर्छन्। कानुनले अपवादको रूपमा तोकेको अवस्था बाहेक सम्झौताको अधिकतम अवधि 3 वर्ष हुन्छ। यो भन्दा लामो अवधि सम्झौता गर्नु कानुन उल्लङ्घन हुन्छ।

सम्झौताको बेला सम्झौताको अवधि तोकिएको छ वा छैन, नवीकरण हुने वा नहुने र अन्य सर्तहरू सहित लिखित रूपमा लिनु महत्त्वपूर्ण हुन्छ।

**2. सुरुमा निश्चय गरेर हेर्नुहोस्।**

अवधि तोकिएको सम्झौता (निश्चित अवधिको श्रम सम्झौता) सामान्यतया अवधि पूरा भएपछि समाप्त हुन्छ। यो बर्खास्तगी नहुनाले यसमा बर्खास्तगी अग्रिम सूचना र बर्खास्तगी अग्रिम सूचना भत्ताको नियमहरू लागु हुँदैनन्। सम्झौताको नवीकरण स्वतः नवीकरण हुने वा अग्रिम रूपमा अनिवार्य रूपमा नवीकरण गर्ने वाचा नभएसम्म प्रत्येक पटक दुवै पक्षको सहमतिमा नवीकरण हुने वा नहुने कुराको निर्णय हुनु सामान्य नियम हो।

निश्चित अवधिको श्रम सम्झौता पूरा भइसकेको भए तापनि कुनै प्रक्रिया वा वाचा नगरीकन काम गरेर पारिश्रमिक प्राप्त गरिरहेको अवस्था पनि हुन्छ। त्यस्तो अवस्थामा कम्पनी पक्ष र कामदारले मौन सहमतिमा सम्झौता नवीकरण गरेको मानिन्छ। यस्तो अवस्थामा अघिल्लो सम्झौतामा तय गरिएको काम गर्ने दिन, पारिश्रमिक रकम आदि जस्ताको तस्तै नवीकरण भएको मान्न सकिन्छ।

**3. सम्झौता नवीकरण नगरिएको खण्डमा**

सम्झौता नवीकरण नियम भएको खण्डमा, असाधारण कारण नभएसम्म सम्झौता नवीकरण नगरीकन हुँदैन।

रोजगारदाताले सम्झौता स्थापना गर्दा उक्त सम्झौता नवीकरण हुने कुरा स्पष्ट नपारिएको श्रम सम्झौता (3 पटक वा सोभन्दा बढी नवीकरण गरिएको सम्झौता वा 1 वर्ष भन्दा बढी लगातार काम गरिरहेको कामदारको सम्झौता) नवीकरण नगर्ने खण्डमा, कम्तिमा पनि सम्झौताको अवधि पूरा हुने मितिको 30 दिन अघिसम्ममा उक्त अग्रिम सूचना नदिईकन हुँदैन।

धैरै पटक सम्झौता नवीकरण गरी अवधि उल्लेख नगरिएको सम्झौता बराबरको भएको अवस्था वा नवीकरण हुने अपेक्षा गर्न तर्कसंगत कारण भएको अवस्थामा कामदारले नवीकरणको आवेदन दिएमा अघिल्लै श्रम सर्त नवीकरण गरिएको मानिने अवस्था पनि हुन्छ।

सम्झौता नवीकरण नगरिने खण्डमा, त्यसको कारण निश्चय गरी, लिखित रूपमा लिनुहोस्।

चित्त नबुझेको खण्डमा उक्त कुरा कम्पनी पक्षलाई लिखित रूपमा जानकारी गराई राख्नु पनि आवश्यक हुन्छ।

**4. अवधि नतोकिएको श्रम सम्झौतामा रूपान्तरण**

एकै कम्पनीमा निश्चित अवधिको श्रम सम्झौता कुल 5 वर्ष भन्दा बढी पटक-पटक नवीकरण गरिएको खण्डमा, कामदारको आवेदनमा, विशेष अपवाद बाहेक, अवधि नतोकिएको सम्झौतामा रूपान्तरण हुन्। विशेष रूपमा अन्यथा नतोकिएको अवस्थामा, यसको र अघिल्लो सम्झौता विवरणको श्रम सर्त एकै हुन्छ। 5 वर्षको गणना हेइसेइ 25 साल अप्रिल 1 तारिख पछि सुरु भएको निश्चित अवधिको श्रम सम्झौताबाट लागु हुन्छ।

**5. कम्पनीसँग सुधारको माग गर्दा पनि प्रतिक्रिया दिइएन।**

शंका लागेको कुरालाई त्यत्तिकै नछोडी, कानागावा जिल्लाको विदेशी नागरिकहरूको लागि श्रम सम्बन्धी परामर्श काउन्टरमा फोन गरी वा प्रत्यक्ष रूपमा आएर परामर्श गर्नुहोस्।

काउन्टरमा अनुवादक मार्फत समस्याको समाधानका उपायहरूबारे सल्लाह दिने, अवस्था अनुसार कम्पनीमा सम्पर्क गरी सत्य कुरा निश्चय गर्ने जस्ता कुराहरू गरी सम्बन्धित पक्षहरू आफै समाधानमा पुग्न मद्दत गरिन्छ।

**पुष्टि गर्नुहोस्।**

□ सम्झौता नवीकरणको बेला इच्छा निश्चय नगरी, त्यो केवल औपचारिकता मात्र त थिएन?
□ तपाईंको धैरै पटक सम्झौता नवीकरण गरी, तपाईंले लगातार काम गरिरहनुभएको थियो?